नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस नोट

नेपालको संविधान तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुकूल श्रम आप्रवासन र वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, उत्तरदायी र दिगो बनाउने उद्देश्यका साथ नेपाल सरकार मन्त्रिपरिषद्‌बाट राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ मिति २०८२/०४/१८ मा स्वीकृत भएको छ।

यस नीति कार्यान्वयनको मुख्य उद्देश्य नेपाली श्रमिकको मानव अधिकारको संरक्षण, पारदर्शी सेवा प्रवाह, सामाजिक सुरक्षाको सुनिश्चितता, श्रमिकको सिप विकास, श्रम कूटनीतिक सुदृढीकरण तथा पुन:एकीकरणमा जोड दिनु रहेको छ। यस नीतिमा वैदेशिक रोजगारीमा जाने अनौपचारिक क्षेत्रका श्रमिकको अभिलेखीकरण र व्यवस्थापन, विदेशी श्रमिकको नियमन, महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक श्रमिकप्रति संवेदनशील नीति र कार्यक्रमको व्यवस्था गरिएको छ।

संघीय संरचनाअनुसार तहगत सरकारहरुमा श्रम आप्रवासन र वैदेशिक रोजगार सम्बन्धी कार्यक्षेत्र विन्यास गर्दै श्रम आप्रवासन सेवा एकीकृत प्रणालीमार्फत प्रवाह गर्ने तीनै तहका सरकारहरू, कूटनीतिक नियोग, श्रमिक, निजी क्षेत्र, विकास साझेदार र सरोकारवाला संस्थाहरूको सहकार्यमा आधारित कार्ययोजना पनि तयार गरिएको छ। साथै यस नीतिले वैदेशिक रोजगार नीति, २०६८ लाई प्रतिस्थापन गरेको छ।

श्रम आप्रवासन क्षेत्रका समस्याहरू, चुनौती र जोखिमहरूलाई सम्बोधन गर्दै यो नीतिले श्रम आप्रवासनलाई प्रतिफुलयुक्त बनाई प्राप्त विप्रेषणलाई उत्पादन र उद्यमशिलता केन्द्रित गरी समृद्धिको आधार बनाउने मार्गचित्र प्रस्तुत गरेको छ। नीति अन्तर्गत वैदेशिक रोजगार ऐन तथा नियमावलीको संशोधन, श्रम कूटनीति सवलीकरण, एकद्वार प्रणालीको विकास, सिप प्रमाणीकरण, उद्यमशीलता प्रवर्द्धन तथा सामाजिक सुरक्षा कार्यक्रमको पहुँच विस्तार गरिने व्यवस्था गरिएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय यस नीति निर्माणको चरणमा सुझाव, सहयोग र समन्वय गर्नुहुने सरोकारवाला सबैमा हार्दिक धन्यवाद, आभार र बधाई व्यक्त गर्दछ।

(डण्डुराज घिमिरे)
सहसचिव/ प्रवक्ता

मिति २०८२/०४/१९

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेब साईट:-